(आ.व. २०८०/०८१) बैठक नं.

आज मिति २०८० साल मंसिर २६ गते मंगलवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको छविसौं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | कमल बहादुर कार्की | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८०।०८।२६ गते

**प्रस्तावहरु**

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. सडक बोर्डको योजनाको कार्यक्रम स्वीकृत सम्वन्धमा ।
३. बालविकास कोटा निर्धारण तथा सहजकर्ता सम्बन्धमा ।
४. आ.व. २०७९।०८० को म.ले.प. प्रतिवेदनमा उल्लेखित बेरुजु सम्वन्धमा ।
५. बजार ठेक्का अनुमोदन सम्वन्धमा ।
६. नमूना विद्यालय विकास कार्यक्रम अन्तर्गतको कार्य सम्पादनको आधारमा रकम सम्वन्धमा ।
७ खद्यान्न भण्डारणको लागि खद्यान्न भण्डारण गोदाम घर निर्माण सम्वन्धमा ।
८. IEE प्रतिवेदन सम्वन्धमा ।
९. वडा नं. २ को बजारको जग्गा भाडा बृद्धि सम्वन्धमा ।
१०. हरैया माविको विद्युतको बाँकी बक्यौता रकम भुक्तानी सम्दन्धमा ।
११. फिल्ड सहायक पदमा पदपुर्ति गर्ने सम्वन्धमा ।
१२. स्वास्थ्यकर्मीहरुलाई सम्मान गर्ने सम्बन्धमा ।
१३. सूत्केरी स्याहार प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि सम्वन्धमा ।
१४. जेष्ट नागरिक घर दैलो उपचार सेवा कार्यविधि सम्वन्धमा ।
१५. प्रयोगशाला स्थानान्तर गर्ने सम्वन्धमा ।
१६. नगरपालिकाको कार्यालयको प्रशासनीक कार्यको लागि जग्गा ब्यवस्थापन सम्वन्धमा ।
१७. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको ४ कोठे भवनको रकम फुकुवा सम्वन्धमा ।
१८. नविकरणीय उर्जा सम्वन्धमा ।
१९. रोजगार कार्यक्रम अनुमोदन गर्ने सम्वन्धमा ।
२०. पशु चिकित्सकको तलब रकम भुक्तानी सम्वन्धमा ।
२१. कानूनी ब्यवसायीको रकम भुक्तानी सम्वन्धमा ।
२२. उपचार खर्च सम्वन्धमा ।
२३. मलेपको खर्च सम्वन्धमा ।
२४. वडा नं ९ को योजनाको साइड क्लियरेन्स सम्वन्धमा ।
२५. लाइफ लाइनको लागत सहभागिता सम्वन्धमा ।
२६. विविध सम्वन्धमा ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८०।०८।२६ गते

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको लागि सडक बोर्ड नेपालको प.सं. २०८०।०८१, च.नं. ४६७, मिति २०८०।०८।०१ गतेको प्राप्त पत्रानुसार चालु आ.व. २०८०/०८१ का लागि रकम रु. ४८,००,०००।०० स्वीकृत भएको हुँदा यस नगरपालिकामा देहायका योजनाहरु छनौट गरी सडक बोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो । साथै नगरपालिकाबाट ब्यहोर्ने रकम १२ औं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिका पुँजिगत खर्चको पेज नं. ५० को सि.नं. ४७ मा लागत साझेदारी कार्यान्वन हुने आयोजनाको खर्च शिर्षक नं. ३११५९ मा रकम रु. १,५०,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम ब्यहोर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | योजनाको ठेगाना | सडक बोर्डको रकम रु. | नगरपालिकाबाट ब्योहर्ने रकम रु. | जम्मा रकम रु. | काम गर्ने विधि |
|---|---|---|---|---|---|---|
| १ | सडक ग्राभेल | वडा नं. १ राजनको घर देखि हनुमान चौक सम्मको सडक, महेन्द्रको घर देखि पूर्व हुँदै उतर सम्मको सडक मर्मत | २५८५०००।०० | ७७५५००।०० | ३३६०५००।०० | ठेक्का प्रक्रिया |
| २ | सडक ग्राभेल | वडा नं. २ को महावीर क्याम्पस हुँदै पुरानो बाटो हुँदै नहर पुर्व छेउबाट टिकुलिया चौरी पुरानो बाटो हुँदै वडा नं. ६ को रैन सम्म सडक ग्राभेल | २२१५०००।०० | ६६४५००।०० | २८७९०००.०० | ठेक्का प्रक्रिया |
| | | | ४८०००००।०० | १४४००००।०० | ६२३९५००।०० | |

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका वडा नं. २ स्थित श्री महावीर जनता माध्यमिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षामा २५ जना बालबालिका अध्ययनरत रहेको र विद्यालयमा हालसम्म स्वीकृत बालविकास सहजकर्ता दरबन्दी नरहेकोले यस नगरपालिकाले आफ्नै स्रोतबाट उक्त प्रारम्भिक बालविकास कक्षा व्यवस्थापन गर्दै आइरहेकोमा हाल शिक्षा विकास तथा समन्वय इकाइ मलंगवा सर्लाहीले च.नं. ५५२ मिति २०८०/०७/२१ गतेको पत्रबाट यस जिल्ला अन्तर्गत मलंगवा न.पा.मा कार्यरत श्री माईस्थान जनता आधारभूत विद्यालय मलंगवा न.पा. १२, गम्हरिया, सर्लाहीका सोजिता कुमारी चौधरी (सि.नं. ४४८ विद्यालय खाता १८५९२) लाई जिल्ला शिक्षा समितिको मिति २०८०/०५/३१ गतेको निर्णय अनुसार श्री महावीर जनता माध्यमिक विद्यालय हरिपुर न.पा.-२, सर्लाहीमा संघीय अनुदान कोटाको दरबन्दी सहित यस नगरपालिकामा पदस्थापनको लागि पठाएकोले निज बालविकास सहजकर्ता सोजिता कुमारी चौधरीलाई तोकेकै विद्यालयमा पदस्थापन गरी हाजिरी गराउने निर्णय गरियो ।

मिति २०८०/०८/२६ गते

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयमा आ.व. २०७९।०८० को म.ले.प. प्रतिवेदनको अध्ययन गरियो र उल्लेखित बेरुजुहरुलाई अब आइन्दा नदोहोराउने र उक्त बेरुजुलाई समपरीक्षण र घटाउँदै लैजाने र असुल उ पर हुने सम्वन्धमा सम्वन्धीत पक्षलाई पत्राचार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस हरिपुर नगरपालिका भित्र तपशिलमा उल्लेखित गुदरी बजार व्यवस्थापन गर्न विभिन्न मितिमा पाँच पटक सूचना प्रकाशन गर्दा पनि ठेक्का लाग्न नसकेकोले उत्त ठेक्का अगाडी बढाउन राजश्व परामर्श समितिको मिति २०८०।०७।०१ गतेको बैठकमा बजार ठेक्का लगाउन ठेक्का अंकमा संशोधन गरी ठेक्का लगाउनको लागी सिफारिस गरिए अनुसारको अंकमा कार्यालयले ठेक्का लगाई सकिएकोले तपशिल बमोजिमको ठेक्का प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | बजारको नाम | पछिलो न्यूतम ठेक्का अंक | हालको न्यूतम ठेक्का अंक | कबोल अंक | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १. | लक्ष्मीपुर बजार | २३८५००।०० | ११५२००।०० | ११६०००।०० | २०८०।०८।१५ |
| २. | चिताइन बजार | ७१५००।०० | ४५४००।०० | ४६०००।०० | २०८०।०८।१५ |
| ३. | मजूर्वा बजार | १३९०००।०० | ५७६००।०० | ५८०००।०० | २०८०।०८।१५ |

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गतका श्री रामलगन मा.वि. हरिपुर-९, पिडारीले मिति २०८०/०५/२२ गतेको पत्रबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको ४ कोठे भवन निर्माण योजनाको सम्पुर्ण कार्य भईसकेको हुँदा सो वापतको सम्झौता अनुसारको रकम फुकुवा गराइ पाउ भनि वि.व्य.स. को निर्णय सहित पेश गरेको निवेदन उपर कार्वाही हुँदा उक्त विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे पक्की भवन निर्माणको लागि स्वीकृत भएको रकम रु. ४५,००,०००।०० र विद्यालयको लागत सहभागितामा उक्त भवन निर्माण गर्न रु. ५०,२१,१३७/०९ बराबरको योजना मिति २०७९/१०/२४ मा भएको सम्झौता तथा लागत इस्टिमेट अनुसारको काम सम्पादनको क्रममा भौतिक निर्माण सम्पन्न हुने क्रममा वर्षातको कारण भइरहेको ढिलाइले गर्दा उक्त क्रियाकलापहरु गत आ.व. २०७९/०८० भित्र सम्पन्न गर्न प्राविधिक एवम् व्यवहारिक रुपमा पनि कठिनाइ हुने देखिएकोले यस कार्यालयको मिति २०८०/०३/२० गतेको प्रमुख स्तरीय निर्णय अनुसार यसै आर्थिक वर्षमा कार्य सम्पन्न हुन नसकेको अवस्थामा उक्त विद्यालयहरुलाई सोही प्रयोजनका लागि अगामी आर्थिक वर्षमा बजेट व्यवस्था नभएकोले लेखा परीक्षण, सामाजिक परीक्षण लगायतको कार्यहरुको लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार र जवाफदेही बनाउने गरी स्वीकृत कार्यक्रमको लागि विनियोजित भएको बजेट सम्बधित विद्यालयलाई निकासा दिई निर्माण कार्य सम्पन्न नभई बाँकी रहेको रकम रोक्का राखि कार्य प्रगतिका आधारमा रकम फुकुवा गर्ने गरी सम्पन्न हुन बाँकी काम यथासिघ्र गर्ने गराउने गरी विद्यालयमा ४ कोठे भवन निर्माणका लागि विनियोजन भएको रकम रु. ४५,००,०००।०० बाट विद्यालयले नियमानुसार निकासा लिएको पहिलो किस्ता वापतको रकम रु. १३,५०,०००/०० कट्टा गरी बाँकी रहेको रकम रु. ३१,५०,०००।०० विद्यालयमा उक्त रकम रोक्का राखेको हुँदा विद्यालयले सम्झौताको अधिनमा रही गरेको कार्य प्रगतिको आधारमा पहिलो रनिङ्ग विल वापतको रकम रु.२३,६५,३१६।३९ र पहिलो किस्ता वापतको रकम रु. १३,५०,०००।०० गरी जम्मा रकम रु. ३७,१५,३१६।३९ निकासा लिइसकेकोमा हाल विद्यालयले बाँकी रहेको सम्पुर्ण कार्य सम्पन्न गरी बाँकी रकम निकासा तथा फुकुवा गरी फर्छयौटको लागि पेश गरेको वि.व्य.स.को मिति २०८०/०५/११ गतेको सार्वजनिक परीक्षण सहितको

मिति २०८०।०८।२६ गते

निर्णय, मिति २०८०/०५/२२ गतेको निवेदन, वडा नं. ९ को वडा कार्यालयको च.नं. २३७ मिति २०८०/०५/२६ गतेको सिफारिस, प्रविधिक मूल्याङ्कन, कार्यस्वीकार सम्पन्न प्रतिवेदन, निर्माण कार्यको विल भर्पाइ अनुगमन निरीक्षण प्रतिवेदन र फोटहरुको आधरमा विद्यालयले भुक्तानी पाउने कुल मूल्याङ्कित रुकम रकम रु. ७,८४,६८३/६१ (अक्षेरपी रु. सात लाख चौरासी हजार छ सय त्रियासी रुपैया एकसठ्ठी पैसा मात्र ।) विद्यालयमा निकासाको लागि गरी ४ कोठे भवनको फ़र्छयौट गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा कृषकहरुको धान, गहुँ, मकै, मुसुरी, रहर, तेलहन र अन्नबालीहरु समयमा सुरक्षित भण्डारण गर्नको लागि यस नगरपालिकाको ५० प्रतिशत लागत साझेदारी र संघीय सरकार, कृषि तथा पशुपंक्षि विकास मन्त्रालयको ५० प्रतिशत लागत साझेदारीमा २००० मे.टन क्षमता भएको अत्याधुनिक प्रविधिको वडा नं ७ मा खाद्यान्न गोदाम घर (Hermetic Godam Full Auto Machines) भण्डारण निर्माण गर्न संघीय सरकार, कृषि तथा पशुपंक्षि विकास मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत पर्ने झिमखोलाको [illegible]गर्नकोलागि बि.एम. ईन्जिनियरिंग सोलुसन प्रा.लि. संस्थासँग भएको सम्झौता अनुसार मिति २०८०।०३।२४ गते पेश गरेको IEE प्रतिवेदन स्वीकृत गर्दै प्रतिवेदनमा उल्लेखित निकासी गर्न सकिने नदीजन्य पदार्थको परिमाणलाई प्रदेश सरकारको दररेटको आधारमा खोला ठेक्का लगाउन राजश्व परामर्श समितिको मिति २०८०।०८।०७ गतेको देहायको सिफारिसको अध्ययन गरी सोही अनुसार खोला ठेक्का लगाउनेको लागि खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

| सि.नं. | ठेक्काको किसिम | परिणाम | दर रेट | न्युनतम् ठेक्का अंक |
|---|---|---|---|---|
| १ | लखनदेही खोलाको वडा नं. ८ को नहरको पुल देखि वडा नं. ९ को पिडारी सम्म | १०११३ घन मिटर | १७५ प्रति घन मिटर | १९,९९,८४५।०० |
| २ | झिम खोलाकफ उत्तरमा ABF ईट्टा भट्टा उद्योगको दक्षिण खोलाको पुर्वी डिलको बाँसघारी असन्वा देखी दक्षिण मजुर्वा जाने बाटो सिमाना सम्म | २५२८ घन मिटर | १७५ प्रति घन मिटर | ४,९९,९१२।०० |

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. २ को हरिपुर गुदरी बजारको ब्यवस्थापन गर्न सम्वन्धीत जग्गा धनीहरुसँग भएको सम्झौता अनुसार गुदरी बजारमा साविक देखि नै नीजि जग्गा उपयोग गर्दै आएको र नगर कार्यपालिकाको मिति २०७८।०४।२२ गतेको निर्णय अनुसार सो जग्गाधनी ब्यक्तिहरुको जग्गाको भाडा वापत प्रति कठ्ठा रकम रु. ७०००।०० निर्णय भए वमोजिम मुअब्जा उपलब्ध गराईरहेको र हाल सो जग्गाधनीहरुले भाडा रकम बृद्धि गर्न यस कार्यालयमा निवेदन पेश गरेकोले समय सान्दर्भिक महंगीलाई मध्यनजर गर्दै प्रति कठ्ठामा १० प्रतिशतले रकम वृद्धि गर्न राजश्व समितिको मिति २०८०।०८।१० गतेको निर्णयानुसार जग्गाधनीहरुलाई देहाय अनुसारको भाडा पाईरहेको रकममा १० प्रतिशतले बृद्धि गर्ने निर्णय गरियो ।

देहाय

मिति २०८०।०८।२६ गते

| क्र.सं. | जग्गा धनीको नाम | बजार क्षेत्र रहेको जग्गाको क्षेत्रफल | २०७८।०४।२२ गतेको निर्णयानुसार मुअब्जा रकम | १० प्रतिशतले बृद्धि मुअब्जा गरी जम्मा रकम |
|---|---|---|---|---|
| १ | रामचन्द्र चौधरी | ०-३-१५ | २६५००।- | २८८७५।- |
| २ | गंगाकाजी महतो | ०-०-१० | ३५००।- | ३८५०।- |
| ३ | चमकलिया देवी महतो | ०-०-८ | २८००।- | ३०८०।- |
| ४ | सत्य नारायण चौधरी | ०-०-१० | ३५००।- | ३८५०।- |
| ५ | सुनिता देवी चौधरी | ०-०-१५ | ५२५०।- | ५७७५।- |
| ६ | शिव दयाल चौधरी | ०-०-१० | ३५००।- | ३८५०।- |
| ७ | मैना कुमारी र नरेन्द्र कुमार चौधररी | ०-०-१० | ३५००।- | ३८५०।- |
| | जम्मा | ०-६-१४ | ४८३००।- | ५३१३०।- |

प्रस्ताव नं. १० मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गतका श्री जनता मावि हरिपुर ४ हरैयाको नाममा रहेको विघुत मिटरबाट विद्यालय वडा कार्यालय तथा स्वास्थ्य केन्द्र हरैयाको विघुत खपत गरेकोले विद्यालयले मात्र भुक्तानी गर्न कठिन भएको भनि विद्यालय व्ययस्थापन समितिको निर्णय सहितको भुक्तानी सम्वन्धी माग पत्र तथा वडा कार्यालयको सो सम्वन्धको सिफारिस पत्र सहित विघुत महसुल भुक्तानीको लागि माग भई आएको हुँदा जरिवाना वापतको रकम वापतको रकम विघुत उपयोग गर्ने कार्यालयबाट भुक्तानी हुने गरी विघुत खपत भएको यथार्थ रकम रु ८६१००।०० यस नगरपालिकाको नगर विकास योजनाको पानी तथगा विजुलीको खर्च शिर्षक २२१११ मा रु १००००००।०० विनियोजन भएको रकम मध्येबाट विघुतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग अन्तर्गत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनामा नगर कार्यपालिकाको कार्यालयमा पञ्जिकरण शाखामा फिल्ड सहायक पदमा कार्यरत श्री अमित कुमार महतो नेपाल सरकारको स्थायी जागिरमा खरिदार पदमा नियुक्ति भएकोले मिति २०८०।०४।१० गते यस कार्यालयमा राजिनामा दिइएको हुँदा मिति २०८०।०४।११गते देखि लागु हुने गरी राजिनामा स्वीकृत भएकोले हाल सम्म उक्त पद रित्त भएको हुँदा फिल्ड सहायक पदमा कर्मचारी पदपुर्ति गर्न नियमानुसार पदपुर्तिको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव न. १२ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकामा आ.व.२०७९/०८० स्वास्थ्यका सम्पादित कार्यक्रमहरुको जिल्ला र प्रदेश स्तरिय वार्षिक समिक्षामा उत्कृष्ठ भई प्रथम स्थान प्राप्त गरेको हुनाले अगामी दिनमा उच्च मनोवलका साथ कार्य सम्पादन गर्न सम्पूर्ण स्वास्थ्यकर्मी तथा सरोकारवाला संघ संस्थाहरुलाइ सम्मान गर्न नगरपालिकाको चालुगत सि.न. ८८ मा रहेको कार्यपालिकाको बैठकको निर्णय बाट खर्च हुने शिर्षकमा विनियोजित रकम रु ३३०००००/०० मध्येबाट रु १७५०००/०० बिनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव न .१३ माथि छलफल गर्दा यस नगरपालिकामा सूत्केरी स्याहार प्रोत्साहन भत्ता सम्बन्धि कार्यबिधि २०८० पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

मिति २०८०।०८।२६ गते

प्रस्ताव न .१४ माथि छलफल गर्दा यस नगरपालिकामा जेष्ठ नागरिक घरदैलो उपचार सेवा संचालन कार्यविधि २०८० पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव न .१५ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकामा रहेको हरिपुर प्राथमिक स्वास्थ्य केन्द्रमा संचालित जनस्वास्थ्य प्रयोशाला र साविक पुरानो प्रयोगशाला एउटै संस्थामा रहदा संचालनमा अप्ठयारो परिरहेको र प्रयोगशाला सेवाको पहुचबाट बन्चित भइरहेकोले हरिपुर वडा न. १ का जनताहरुलाइ सेवाको पहुँच पुर्याउन पुरानो प्रयोगशाला सेवा जानकीनगर स्वास्थ्य चौकीबाट सुचारु गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ छलफल गर्दा यस नगरपालिका कार्यालयको प्रशासनीक कार्यको लागि भवनको जग्गा व्यवस्थापनका लागि नगरपालिका कार्यालय भवन निर्माणको लागि जग्गा व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको हुँदा उक्त जग्गा यस नगरपालिका वडा नं. ७ मा बस्ने मुनिलाल चौधरीको नाती रामचन्द्र चौधरीको छोरा अ. ४८ वर्षको सुनिल कुमार चौधरीको नाममा सर्लाही साविक हरिपुर गा.वि.स. वडा नं. २ क किता २६ क्षेत्रफल ०-१४-१५ क्षेत्रफलको जग्गा निजको नाममा नम्वरी दर्ता रहेको मध्ये दक्षिण भागबाट पश्चिम कुलो बाटो उत्तर गंगा महतो पुर्व उपेन्द्र साह दक्षिण ज्ञान बहादुर कार्की यती चार किल्ला भित्र रहेको ०-५-० क्षेत्रफल जग्गा नगरपालिका कार्यालय भवन निर्माणको लागि निशुल्क उपलब्ध गराउने भएको हुँदा उक्त जग्गा नगरपालिका कार्यालय भवन निर्माणको लागि उपयुक्तता भएकोले सो जग्गा नगरपालिकाको नाममा नम्वरी दर्ता गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको श्री महावीर जनता मा. वि. हरिपुर- २, सर्लाहीमा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुपको कार्यक्रम सन्चालनको लागि माग गरेको निवेदनको आधारमा उक्त विद्यालयमा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण कार्य तथा स्वीकृत गुरुयोजनामा तोकेको क्षेत्रमा खर्च गर्ने प्रयोजनको लागि गत आ.व. २०७८/०८९ मा नेपाल सरकारबाट सर्सत अनुदानको रुपमा हस्तान्तरण भएको क्रियाकलाप नं. ११.१.२.४४५ केन्द्रबाट छनौट भएको नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएको प्राविधिक धारका विद्यालयको ल्याव व्यवस्थापन अनुदान शीर्षकमा विनियोजन भएको रकम मध्ये रु ७५,००,०००/०० र आ.व. २०७९/०८० मा विद्यालयमा 3-C-12 बल्कको भौतिक निर्माण सम्पन्न गर्न खोलेको ठेक्का नं. Works/MJJS/01/2079/080 को रकम रु. १,२४,२७,५४०१६४, ठेक्का विज्ञापन वापत रु. १,२८,३७०/९८, 3-C-12 बल्कको भुई तल्ला र पहिलो तल्ला फिनिसिङ्ग कार्यका लागि लागेको ठेक्का नं. Works/MJ5/03/2079/080 वापतको ३१,९७,४५१।१९, ठेक्का नं. Works/MJJS/03/2079/080 को ठेक्काको सूचना तथा ठेक्का स्वीकृतको आश्यको सूचनाको विज्ञापन वापतको रु.१,५८,२००।०० र पन्चवर्षीय गुरुयोजना निर्माणका लागि परामर्शदाताहरुलाई सम्झौता अनुसारको भुक्तानी वापतको रकम रु. ३,३२,५००/०० गरी जम्मा रकम रु. ८७,४४,०६२।८१ गरी जम्मा रकम रु. १,६२,४४,०६२।८१ विद्यालयको खातामा पठाइ रोक्का राखेकोमा विद्यालयले भौतिक निर्माण सम्पन्न गर्न खोलेको ठेक्का नं. Works/MS/01/2079/080 को सम्पुर्ण कार्य सम्पन्न गरी विल भर्पाइको आधारमा रकम रु. १,२४,२७,५४०/६४ फुकुवा गराई फर्छयौट गरिसकेकोमा हाल विद्यालयले 3-C-12 बल्कको भुई तल्ला र पहिलो तल्ला फिनिसिङ्ग कार्यका लागि रकम रु. ३१,९७,४५१।१९ बराबरको खोलेको ठेक्का नं. Works/MJJS/03/2079/080 को कार्य प्रगतिको आधारमा पहिलो रनिङ्ग विल भुक्तानी तथा फुकुवाको लागि पेश गरेको च.नं. ७७ मिति २०८०/०८/१० गतेको निवेदन, वि.व्य.स.को मिति २०८०/०८/०८ गतेको निर्णय, विद्यालय

मिति २०८०।०८।२६ गते

प्राविधिक मूल्याङ्कन, यस नगरपालिकाको प्राविधिक शाखाको राय, विल, भर्पाई, ल्याब टेस्ट प्रतिवेदन, कार्य सम्झौता, निर्माण सामाग्रीहरुको परीक्षण प्रतिवेदन र फोटोहरुको आधारमा विद्यालयको खातामा रोक्का रहेको रकम मध्ये प्राविधिक मूल्याङ्कित रकम रु. १३,७०,७९१।५८ (अक्षेरुपी रु. तेह्र लाख सत्तरी हजार सात सय एकानब्बे रुपैया अन्ठाउन्न पैसा मात्र ) फुकुवा गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १८ मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा संघीय सशर्त तर्फका पुँजिगत खर्च शिर्षकको पेज नं. ५५ को सि.नं. ४ मा खर्च शिर्षक नं. ३११५३ मा नवकरणीय उर्जा प्रविधि जडान (बायोग्यास/विद्युतिय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) मा रकम रु. ८०००००।०० बिनियोजन भएकोमा यस नगरपालिकाको देहाय अनुसारको सार्वजनिक स्थानहरुमा प्राथमिकता अनुसारको सोलार बत्ति जडान गर्ने निर्णय गरियो ।

देहाय

१. श्रवण जनता पच्छगछिया-१
२. चिताइन मन्दिर-१
३. हरिपुर बजार-२
४. हरैया-१
५. पिडारी-१
६. जगतपुर प्रावि-१
७. लक्ष्मीपुर-१

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस नगरपालिकामा कामका लागी पारिश्रमीकमा अधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना (प्रधानमन्त्री रोजगार कार्यक्रम, २०८०।०८१ को लागी स्थानीय निर्देशक समितिको विभिन्न मितिको वैठकबाट निर्णय भई आए बमोजिमको बजेट तथा कार्यक्रमको ब्रेक डाउन अनुमोदन गरी तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नगरपालिकामा पशु सेवा शाखामा कार्यरत पशु चिकित्सक पदमा मिति २०८०।०३।०१ गते देखि हाल सम्म कार्यरत रहनु भएको डा. दिब्य कृष्ण श्रेष्ठको आर्थिक वर्ष २०७९।०८० को असार मसान्त सम्मको तलव पशु सेवा विभाग, हरिहरभवन, ललितपुरबाट निकासा भई तलब भुक्तानी गरेकोमा हाल यस आर्थिक वर्ष २०८०।०८१ मा हाल सम्म पशु सेवा विभागले तलवको रकम नपठाएको हुँदा र बारम्वार पशु सेवा विभाग, हरिहरभवन, ललितपुरलाई पत्राचार गरिएको हुँदा हाललाई डा. दिब्य कृष्ण श्रेष्ठलाई सोधभर्ना हुने गरी बाह्रौ नगरसभाको नगरविकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्चको पेज नं. ४५ मा सि.नं. ३४ मा खर्च शिर्षक नं. २२४१३ मा करार सेवा शुल्कमा रकम रु. १,५०,००,०००।०० विनियोजन भएको रकमबाट २०८०।०४।०१ गते देखि २०८०।०८।३० गते सम्मको चाडपर्व खर्च सहितको तलव भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिकामा सरातुल खातुन समेत तथा प्रतिवादी हरिपुर नगरपालिका स्वास्थ्य चौकी फरहदवा समेत भएको ०८०-CP-४८९ नं को लेखत दर्ता बदर मुद्दामा पक्ष प्रतिवादीहरुको तर्फबाट प्रतिउतर दर्ता गराएको र हाल सम्म यस नगरपालिकामा कानून व्यवसायीको व्यवस्था नभएको हुँदा यस नगरपालिकाको तर्फबाट साफी गर्न श्री शिवराम श्रेष्ठ अधिवक्तालाई प्रतिउतर कार्य गर्न अधिकार दिइएको सो

मिति २०८०।०८।२६ गते

कार्य गरे बापत बाह्रौ नगर सभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्चको पेज नं ४८ को सि नं ११९ मा विविध खर्च शिर्षक नं २२७११ मा रकम रु १५०००००।०० विनियोजन भएको मध्येबाट प्रतिउतर दर्ता गर्दा मस्यौदा साफी रकम रु १००००।०० श्री शिवराम श्रेष्ठ अधिवक्तालाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २२ माथि छलफल गर्दा यस नगरपालिकाको नगर उपप्रमुख श्री निलम देवी राय यादव मोरंगको विराटनगर जाने क्रममा ना १ झ १६३५ नं को स्कार्पियोमा दुर्घटना भई मोटरसाइकल चालक सुनसरी जिल्ला कोशी गाउँपालिकाको घुरना उराउ र श्रीमती सविता उराउँलाई चोटपटक लागि उपचार क्रममा विराटनगर गोल्डेन अस्पताल गराएको र उक्त उपचार बापतको खर्च रकम विमा कम्पनीबाट उपलब्ध गराउने भनी सो विमा कम्पनीलाई लेखि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. २३ माथि छलफल गर्दा यस नगरपालिकामा आव २०७९।०८० को लेखापरीक्षण गर्न आएका मलेप को डोरमा खटिएका ४ जना कर्मचारीहरुलाई बास खाजा खाना लगायतका अन्य खर्च होटेलको दररेट अनुसारको जम्मा हुने रकम नगरपालिकाबाट ब्यहोरिने गरी उक्त मलेप टोलीलाई मिति २०८०।०६।१४ गते देखि मलेप सम्पन्न नभए सम्को लागि ब्यवस्था गरि दिनु हुन भनी हरिपुर २ प्रेमलता होटेल तथा पार्टी प्यालेश हरिपुरलाई कार्यालयबाट मिति २०८०।०६।१३ गतेमा कार्यदिश भए अनुसार कार्य सम्पन्न गरी होटेलको विल नं........ साथ मिति........................................मा भुक्तानी माग गरी निवेदन दिएको कागजातहरुको अध्ययन गरी चालु आ व २०८०।०८१ को रेडबुकको सि नं ११९ मा विविध खर्चमा विनियोजन भएको रकम रु१५०००००।०० मध्येबाट रु १३५०००।०० भुक्तानी गर्न निर्णय गरियो ।

प्रस्ताव नं. २४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ९ पिडारीमा आ व २०८०।०८१ को संघीय सरकारको योजना पिडारी चौक देखि कामेश्वर सिंहको घर देखि नाला निर्माण हुने भएको हुँदा पुरानो बजार चौकमा नक्सा अनुसार बाटो कायम गर्ने गाउँ पिपरिया र हरैया जाने सडक रामनाथ प्रसाद साह र बच्चा बाबुको कम्पाउण्ड बाल कर्णल र कर्णलले गर्दा यातायात आवत जावत गर्न जोखिम पुर्ण कठिन भएकोले टहरा घर र कर्णलका घरहरु खाली गरी योजना कार्य ठेक्का प्रक्रियामा जानु पर्ने भएकोले योजना कार्यान्वयनको लागि घर तथा टहरा खाली गर्न वडा कार्यालयबाट सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २५ माथि छलफल गर्दा यस नगरपालिका र जिवन रेखा लाइफ लाइनको लागत सहभागिता कार्यविधि अनुसार कार्य गर्न निर्णय गरियो ।

प्रस्ताव नं. २६ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको मिति २०८०।०८।२६ गतेको बैठकमा आएका देहाय प्रस्तावहरु माथी अगामी हुने नगर कार्यपालिकाको वैठकमा छलफल गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

१ आर्थिक सहायता सम्वन्धमा ।

२ घ वर्गको इजाजत पत्र सम्वन्धमा ।

३. वडा नं १ को सेन्सर लाईटको रकम भुक्तानी सम्बन्धमा ।

४. विद्युतको सडक बती र विभिन्न वडा कार्यालयको बाँकी बक्यौता रकम सम्वन्धी अगामी नगर कार्यपालिकाको वैठकमा छलफल गर्ने निर्णय गरियो ।